# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८१ साल माघ ०७ सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेशमा राजश्वको विद्यमान अवस्था र यसको अभिवृद्धिका लागि प्रदेश सरकारलाई सुझाव दिन गठित कार्यदलको म्याद २ (दुई) महिना थप गर्न स्वीकृति प्रदान गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** सामाजिक विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृति गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेश सचिवहरुको जिम्मेवारी हेरफेर गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** कृषि विकास निर्देशनालय, रुपन्देहीका महानिर्देशक श्री यामनाराण देवकोटालाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको प्रदेश सचिवको पदको कार्य गर्ने गरी अर्को व्यवस्था नभएसम्मका लागि जिम्मेवारी तोक्ने ।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** एघारौं तहका स्वास्थ्य सेवा कर्मचारीहरुको जिम्मेवारी हेरफेर गर्ने ।

६. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेश विकास परिषद्का सदस्यहरु मनोनयन गर्ने ।

७. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** लुम्बिनी प्रदेश समायिक कर, राजश्व संकलन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्रलाई स्वीकृती प्रदान गर्ने ।

८. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** सिर्जित दायित्व भुक्तानी गर्ने ।

९. **आन्तरिक मामिला तथा कानून मन्त्रालय:** लुम्बिनी प्रदेश प्रहरी कार्यालयलाई जग्गाको व्यवस्थापनको लागि प्रदेश सरकार मन्त्रिपरिषद्बाट नेपाल सरकार गृह मन्त्रालयमा सिफारिस गरी पठाउने ।

१०. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालय:** लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने ।

११. **सामाजिक विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय:** सामाजिक विकास मन्त्रालयको अख्तियारी संशोधन सहित स्वीकृत गर्ने र युवा तथा खेलकुद मन्त्रालयबाट कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट सहित अख्तियारी प्रदान गर्ने ।